मधेश प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
जनकपुरधाम, धनुषा, नेपाल

फोन नं.+९७७०४१-५२३१३३, ५२५३३८, ५२५७३३
फ्याक्स नं.+९७७०४१-५२७१०१
टोल फ्रि नं.१६६०४१५२८४३

पत्र संख्याः २०८२।०८३
च.नं.: ९७४

मितिः २०८२।०४।१५

**विषयः का.स.मू. सम्बन्धमा।**

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, (सबै)।
श्री स्थानीय तहहरु, (सबै)।
मधेश प्रदेश ।

प्रस्तुत विषयमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३५ मा कार्यसम्पादन मूल्याङ्कनका लागि सुपरिवेक्षक र पुनरावलोकनकर्ताको व्यवस्था भएको तर पुनरावलोकन समितिका पदाधिकारीहरु को को हुने भनी स्पष्ट व्यवस्था नभएको हुँदा स्थानीय सेवाका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनमा कठिनाई र अन्यौल भएको देखिँदा स्थानीय सेवाका चौथो देखि अधिकृतस्तर दशौ तह सम्मको कर्मचारीहरुको हकमा पछि संशोधन पश्चात ऐन बमोजिम हुने गरी हाललाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १६१० मिति २०८२।०३।२९ को पत्रानुसार स्थानीय सेवाका चौथो देखि अधिकृतस्तर दशौ तह सम्मको कर्मचारीहरुको आ.व. २०८१।०८२ को का.स.मू. मूल्याङ्कनका लागि नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६।०४।१६ को निर्णयबाट तोकिएका पदाधिकारीहरुबाट मुल्याङ्कन गर्न गराउन हुन यस कार्यालयको मिति २०८२।०४।१५ को (प्रमुख सचिवस्तर) निर्णयानुसार अनुरोध छ । साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं १६१० मिति २०८२।०३।२९ को पत्र र नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।०४।१६ को निर्णयको छाँयाप्रति यसै साथ संलग्न छ।

२०८२।०४।१५
(बिकास चन्द्र थापा क्षेत्री)
शाखा अधिकृत

बोधार्थः-
श्री जिल्ला प्रशासन कार्यालयहरु, मधेश प्रदेश (सबै)।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६

फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः- ०८१।०८२

मिति २०८२।३।२९

चलानी नं.:- १६९०

विषयः- कार्य सम्पादन मुल्याकन गर्ने सम्वन्धमा ।

श्री मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, सबै ।
श्री प्रदेशस्तरीय आयोग, सचिवालय, निर्देशनालय, कार्यालय सबै ।
श्री जिल्ला समन्वय समितिको कार्यालयहरु, सबै ।
श्री स्थानीय तहहरु सबै ।

प्रस्तुत विषयमा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक कार्यसम्पादन मुल्यांकनका सम्वन्धमा देहाय अनुसार गर्नु गराउनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०८२।३।२९ को निर्णयानुसार जानकारीका लागि अनुरोध छ ।

(क) समायोजन ऐन, २०७५ वमोजिम प्रदेश तथा स्थानीय तहमा समायोजन हुनु भएका र समायोजन पश्चात प्रदेश तथा स्थानीय तहमा शुरु नियुक्ति पाउनु भएका कर्मचारीहरुले सम्वन्धित प्रदेश सरकारवाट जारी भएको कर्मचारी प्रशासन सम्वन्धी कानून वमोजिम मुल्यांकन हुने व्यवस्था गर्न हुन ।प्रदेश तथा स्थानीय तहमा समायोजन भइ संघमा वढुवाका लागि योग्यता पुरा भएका र संघमा वढुवा हुने इच्छा भएका कर्मचारीहरुले निजामती सेवा नियमावली, २०५० अनुसार मुल्यांकन हुने व्यवस्था गर्नु हुन ।

(ख) माथि खण्ड (क) को दायरा भित्र पर्ने कर्मचारी कार्यरत रहेको प्रदेश सरकारवाट कर्मचारी प्रशासन सम्वन्धी कानून जारी भइनसकेको अवस्थामा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६।४।१६ को निर्णयवाट तोकिएका पदाधिकारीहरुवाट मुल्यांकन हुने व्यवस्था गर्न हुन । (उक्त निर्णय संलग्न छ)

(ग) संघमा समायोजन भइ कामकाजका लागि प्रदेश वा स्थानीय तहमा खटिनु भएका कर्मचारीहरुले निजामती सेवा नियमावली, २०५० अनुसार मुल्यांकन हुने व्यवस्था गर्नु हुन ।

पुनश्च :- कार्यसम्पादन मुल्यांकन पेश गर्नु पर्ने दायित्व भएका कर्मचारी तथा कार्यसम्पादन मुल्यांकन कार्यमा जिम्मेवार अधिकारीहरुले निजामती सेवा नियमावली, २०५० को नियम ७८ख.(८) तथा निजामती सेवा ऐन, २०४९ को दफा २४क.(६ख) लाइ समेत ध्यानमा राखि कामकारवाही गर्नु हुन स्मरण गराइएको छ ।

(हरि प्रसाद दाहाल)
शाखा अधिकृत

::::वोधार्थ ::::
श्री सूचना प्रविधि शाखा
संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार — प्रस्तुत पत्र वेवसाइटमा राखिदिनु हुन ।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
अनुसूची काठमाडौं

**स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन देहाय बमोजिम गर्ने**

स्थानीय तहमा समायोजन भएका सवै कर्मचारीहरुले प्रत्येक वर्ष श्रावण ७ गते भित्र ४ (चार) प्रतिकार्य सम्पादन मूल्याङ्कन फाराम भरी सम्बन्धित स्थानीय तहको कार्यालयमा दर्ता गरी सुपरिवेक्षक समक्ष पेश गर्ने।

४.१ **गाउँ/नगर कार्यपालिकाका सहायकस्तर चौथो तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि**

प्रमुख प्रशासकीय अधिकृतले तोकेको कम्तिमा अधिकृतस्तर छैटौं तहको कर्मचारी- सुपरिवेक्षक
प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा अधिकृतस्तर सातौं तहको कर्मचारी- पुनरावलोकनकर्ता

**पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ**
प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष
प्रमुख प्रशासकीय अधिकृतले तोकेको कम्तिमा अधिकृतस्तर सातौं तहको कर्मचारी- सदस्य
सम्बन्धित सुपरिवेक्षक- सदस्य

प्रमुख प्रशासकीय अधिकृत नभएमा जिल्ला समन्वय अधिकारी (रा.प.द्वितीय श्रेणी) ले सम्भव भए सम्म सम्बन्धित स्थानीय तह कै सुपरिवेक्षक र पुनरावलोकनकर्ता तोक्नेछ । प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारी दुवै नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले सुपरिवेक्षक, पुनरावलोकनकर्ता र पुनरावलोकन समिति तोक्नेछ ।

४.२ **गाउँ कार्यपालिकाका सहायक स्तर पाँचौं र अधिकृतस्तरका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनका लागि**

प्रमुख प्रशासकीय अधिकृत- सुपरिवेक्षक
जिल्ला समन्वय अधिकारी- पुनरावलोकनकर्ता

**पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ**
सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारी- अध्यक्ष
प्रमुख प्रशासकीय अधिकृत- सदस्य
सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृत- सदस्य

प्रमुख प्रशासकीय अधिकृत नभएमा जिल्ला समन्वय अधिकारी (राजपत्राङ्कित द्वितीय श्रेणी) ले तोकेको राजपत्राकित तृतीय श्रेणीको अधिकृतले सुपरिवेक्षक र पुनरावलोकन समितिको सदस्यको रुपमा कार्य गर्नेछ । प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारी (राजपत्राङ्कित द्वितीय श्रेणी) दुवै नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको कम्तिमा अधिकृतस्तर नवौं तहको कर्मचारी सुपरिवेक्षक र अधिकृतस्तर दशौं तहको कर्मचारी पुनरावलोकनकर्ता हुनेछ । यसरी तोकिएका कर्मचारी पुनरावलोकन समितिमा अध्यक्ष र सदस्य हुनेछन् ।

४.३ **नगर कार्यपालिकाका पाँचौं देखि नवौं तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि**

प्रमुख प्रशासकीय अधिकृत- सुपरिवेक्षक
जिल्ला समन्वय अधिकारी- पुनरावलोकनकर्ता

- कोइराला

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित जिल्लाको जिल्ला समन्वय अधिकारी- अध्यक्ष
प्रमुख प्रशासकीय अधिकृत- सदस्य
सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत- सदस्य

प्रमुख प्रशासकीय अधिकृत नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको कम्तिमा अधिकृतस्तर दशौं तहको कर्मचारीले सुपरिवेक्षक र पुनरावलोकन समितिको सदस्यको रुपमा कार्य गर्नेछ । प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय अधिकारी (राजपत्राङ्कित द्वितीय श्रेणी) दुवै नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको कम्तिमा अधिकृतस्तर दशौं तहको कर्मचारी सुपरीवेक्षक र राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको कर्मचारी पुनरावलोकनकर्ता हुनेछ । प्रमुख जिल्ला अधिकारीले राजपत्रांकित द्वितीय श्रेणीको कर्मचारी तोक्न सक्ने अवस्था विद्यमान नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले अधिकृतस्तर दशौं तहको कर्मचारीलाई तोक्ने छ ।तोकिएका कर्मचारी पुनरावलोकन समितिमा अध्यक्ष र सदस्य हुनेछन् ।

४.४ नगर कार्यपालिकाका दशौं तहका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

प्रमुख प्रशासकीय अधिकृत- सुपरिवेक्षक
सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको सम्बन्धित सेवाको राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको अधिकृत - पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित प्रदेशको प्रमुख सचिव- अध्यक्ष
सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको अधिकृत- सदस्य
प्रमुख प्रशासकीय अधिकृत- सदस्य

प्रमुख प्रशासकीय अधिकृत नभएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले राजपत्राङ्कित प्रथम श्रेणी/अधिकृतस्तर एघारौं तहको अधिकृतलाई सुपरिवेक्षक र पुनरावलोकन समितिको सदस्य तोक्नेछ ।

४.५ उपमहानगर कार्यपालिका/महानगर कार्यपालिकाका सहायकस्तर पाँचौं तह सम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

प्रमुख प्रशासकीय अधिकृतले तोकेको कम्तिमा अधिकृतस्तर सातौं तहको कर्मचारी- सुपरिवेक्षक
प्रमुख प्रशासकीय अधिकृतले तोकेको राजपत्राङ्कित तृतीय श्रेणी / अधिकृतस्तर आठौं तहको कर्मचारी- पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तर नवौं तहको कर्मचारी- अध्यक्ष
सम्बन्धित पुनरावलोकनकर्ता- सदस्य
सम्बन्धित सुपरिवेक्षक- सदस्य

उपमहानगरपालिकामा राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले समेत उल्लेखित कार्य सम्पादन मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

...प्रसाद कोइराला

४.६ उपमहानगर कार्यपालिका/ महानगर कार्यपालिकाका अधिकृतस्तर नवौं तह सम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको कम्तिमा अधिकृतस्तर दशौं तहको कर्मचारी- सुपरिवेक्षक

प्रमुख प्रशासकीय अधिकृत- पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

प्रमुख प्रशासकीय अधिकृत- अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृतले तोकेको कम्तिमा अधिकृतस्तर दशौं तहको कर्मचारी- सदस्य

सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत- सदस्य

उपमहानगरपालिकामा राजपत्राङ्कित द्वितीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतले समेत उल्लेखित कार्य सम्पादन मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

४.७ उपमहानगरकार्यपालिका/ काठमाण्डौ महानगरपालिका बाहेकका महानगर कार्यपालिकाका दशौं तहसम्मका कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कनका लागि

प्रमुख प्रशासकीय अधिकृत- सुपरिवेक्षक

सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको सम्बन्धित सेवाको राजपत्राङ्कित प्रथमश्रेणी/ अधिकृतस्तर एघारौं तहको अधिकृत- पुनरावलोकनकर्ता

पुनरावलोकन समिति देहाय बमोजिमको हुनेछ

सम्बन्धित प्रदेशको प्रमुख सचिव- अध्यक्ष

सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको सम्बन्धित सेवाको राजपत्राङ्कित प्रथम श्रेणी /अधिकृतस्तर एघारौं तहको अधिकृत- सदस्य

प्रमुख प्रशासकीय अधिकृत- सदस्य

प्रमुख प्रशासकीय अधिकृत राजपत्राङ्कित प्रथम श्रेणीको नभएको अवस्थामा एउटै सेवाका प्रमुख प्रशासकीय अधिकृत र दशौं तहका कर्मचारी कार्यरत भएमा सम्बन्धित प्रदेशको प्रमुख सचिवले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको कर्मचारीले सुपरीवेक्षक र पुनरावलोकनकर्ताको कार्य गर्नेछ ।

...प्रसाद कोइराला
सचिव